# नेपाली सेना

## श्री भर्ना छनौट निर्देशनालय, कार्यरथी विभाग

## जंगी अड्डा

## कक्षा ८ र सेकेण्ड क्लास वा सो सरह शैक्षिक योग्यता भएका विभिन्न ट्रेडका पदिक/बिल्लादार (खुला र आन्तरिक) पदहरुको प्रथम पत्रको विविध विषयको लिखित परीक्षा योजना र पाठ्यक्रम

२०७५

# नेपाली सेना

## कक्षा ८ र सेकेण्ड क्लास वा सो सरह शैक्षिक योग्यता भएका विभिन्न ट्रेडका पदिक/बिल्लादार (खुला र आन्तरिक) पदहरुको प्रथम पत्रको विविध विषयको लिखित परीक्षा योजना र पाठ्यक्रम

यो पाठ्यक्रम नेपाली सेनाको विभिन्न ईकाईहरुमा रिक्त रहेको कक्षा ८ र सेकेण्ड क्लास वा सो सरह शैक्षिक योग्यता भएका विभिन्न ट्रेडका पदिक/बिल्लादार (खुला र आन्तरिक) पदहरुका उम्मेदवार छनौट परीक्षाको लागि निर्धारण गरिएको हो । लिखित परीक्षामा सहभागि हुने उम्मेदवारहरुको विविध विषय (अंग्रेजी, गणित, नेपाली र सामान्यज्ञान) को परीक्षाको लागि निम्न विषयहरुलाई आधार मानी प्रश्नहरु सोधिने छ ।

(क) लिखित परीक्षाको माध्यम नेपाली/अंग्रेजी वा दुवै भाषा हुनेछ ।

(ख) लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराईने छ ।

(ग) प्रश्न पत्र निर्माण गर्दा पाठ्यक्रममा समावेश भएका सबै विषयहरुलाई समेटिनेछ ।

(घ) नेपाली सेनाको आवश्यकता तथा विविध परिस्थितिमा नेपाली सेना अनुकूल हुने गरी उल्लेखित विवरणहरुमा हेरफेर हुन सक्नेछ ।

(ङ) वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

(च) वस्तुगत बहुवैकल्पिक पश्नहरु हुने परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर (Calculator) प्रयोग गर्न पाइने छैन ।

(छ) विषयगत प्रश्न हुने पत्र/विषयका प्रत्येक भाग खण्ड/एकाइ/प्रश्नका लागि छुट्टाछुट्टै उत्तरपूस्तिकाहरु हुनेछन् । परीक्षार्थी प्रत्येक भाग/खण्ड/एकाइ/प्रश्न प्रश्नको उत्तर सोही भाग/खण्ड/एकाइ/प्रश्नको उत्तर पूस्तिकामा मात्र लेख्नुपर्नेछ ।

(ज) पाठ्यक्रमको रुपरेखा देहायमा उल्लेख गरे अनुसार हुनेछ ।

(झ) पाठ्यक्रम लागू मिति २०७५/१०/१८ गतेदेखि ।

# नेपाली सेना

## श्री भर्ना छनौट निर्देशनालय, कार्यरथी विभाग

## कक्षा ८ र सेकेण्ड क्लास वा सो सरह शैक्षिक योग्यता भएका विभिन्न ट्रेडका पदिक/बिल्लादार (खुला र आन्तरिक) पदहरुको प्रथम पत्रको विविध विषयको लिखित परीक्षा योजना र पाठ्यक्रम

| पत्र | प्रश्नको किसिम | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न संख्या X अंक | समय |
|---|---|---|---|---|---|
| प्रथम | विषयगत | ५० | २० | विषयगत (Subjective) १० X२.५ | १ घण्टा |
| | बस्तुगत | | | बस्तुगत (MCQ) २५ X१ | १५ मिनेट |

**खण्ड 'क'**

**अंग्रेजी** १०

1. Translation (English to Nepali) २.५
2. Letter Writing २.५
3. **Grammar** ५
   - (a) Tense
   - (b) Article
   - (c) Preposition

**खण्ड 'ख'**

**गणित** १०

1. **Arithmetic (अंकगणित)**
   - (a) Unitary Method (ऐकिक नियम)
   - (b) Percentage (प्रतिशत)
   - (c) Profit and Loss (नाफा नोक्सान)
   - (d) Simple Interest (साधारण व्याज)

2. **Algebra (वीजगणित)**
   - (a) Factors (खण्डीकरण)
   - (b) H.C.F. and L.C.M. (म.स. र ल.स.)

3. **Geometry (ज्यामिती)**
   - (a) Construction of Triangles (त्रिभूज रचना)

## खण्ड 'ग'

**नेपाली** २०

१. **व्याकरण**

(क) वर्णविन्यास (भाषिक शुद्धि)

(ख) शब्द निर्माण — उपसर्ग, प्रत्यय

(ग) शब्द भण्डार — समानार्थी, विपरीतार्थी, श्रूतिसमभिन्नार्थक र अनेकार्थक

(घ) काल, वचन, लिङ्ग, पुरुष

(ङ) वाक्य र वाक्यका प्रकार

२. **रचना/लेखन**

(क) निवेदन

(ख) चिठ्ठी

(ग) निवन्ध

३. उखान तथा टुक्काको प्रयोगकौशल ।

## खण्ड 'घ'

**सामान्य ज्ञान** १०

**सामान्यज्ञानबाट वस्तुगत प्रश्नहरु(MCQs) मात्र सोधिने छ ।**

१. **नेपाल सम्बन्धी**

(क) नेपालको ऐतिहासिक सम्बन्धी जानकारी

— नेपाल एकिकरण, नेपाल तिव्वत युद्ध, सिन्धुली गढीको युद्ध र नालापानीको युद्ध ।

(ख) नेपालको भौगोलिक अबस्था सम्बन्धी सामान्य जानकारी

— भौगोलिक अवस्थिति, क्षेत्रफल, सिमाना, भौगोलिक विभाजन ।

— नदी तथा हावापानीको आधारमा नेपाललाई विभाजन ।

— नेपालका राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्र ।

— नेपालका प्रमुख नदीहरु, प्रमुख ताल र कुण्डहरु ।

— नेपालका प्रमुख राजमार्ग, प्रमुख शिखरहरु र यसको महत्व ।

(ग) नेपालको राजनैतिक विभाजन

— प्रदेश, जिल्ला, सदरमुकाम र स्थानीय तह

२. क्षेत्रीय तथा अन्तराष्ट्रिय संघ, संस्थाको सामान्य जानकारी

— दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (SAARC)

— संयुक्त राष्ट्र संघ (UNO)

३. समसामयिक राष्ट्रिय विषयवस्तु बारे सामान्य जानकारी ।

**माथि उल्लेखित पाठ्यक्रमका एकाईहरुबाट सोधिने प्रश्नहरुको संख्या निम्नानुसार हुनेछ**

| खण्ड | एकाई | विषयगत | बस्तुगत |
|---|---|---|---|
| | | प्रश्न X अंक | प्रश्न X अंक |
| क | १ र २ | २X२.५ | - |
| | ३ | - | ५X१ |
| ख | १, २ र ३ | ४X२.५ | - |
| ग | १ | १X२.५ | १०X१ |
| | २ र ३ | ३X२.५ | - |
| घ | १, २ र ३ | - | १०X१ |